# झोलुङ्गे पुल उप–क्षेत्र कार्यक्रम

## (Trail Bridge Sub Sector Programme-TBSSP)

## बार्षिक प्रगति प्रतिवेदन



## आर्थिक वर्ष २०८२/०८३

**साझेदारी तथा सहयोग:**

**स्थानीय सरकार**

**(गाउँपालिका तथा नगरपालिकाहरू)**

**काभ्रेपलाञ्चोक / दोलखा**

**कार्यान्वयनकर्ता:**


दिगो विकासका लागि नागरिक मञ्च (सिविक फोरम), काभ्रेपलाञ्चोक

धुलिखेल नगरपालि, वडा नं.३, पतञ्जली रोड, घर नं.१९९/११

फोन : ०११-४९०७४४, मोवाईल : ९८५१२५४७६२

ईमेल : info@civicforum.org.np

वेबसाईट : www.civicforum.org.np


CIVIC FORUM

# विषय सूची


| विवरण | पेज नं. |
|---|---|
| कार्यक्रमको चिनारी | १ |
| कार्यक्रमको कार्यक्षेत्र | १ |
| कार्यक्रमको उद्देश्य | १ |
| कार्यक्रमको संभागहरु | १ |
| काभ्रेपलाञ्चोक जिल्लामा झोलुङ्गे पुल उप-क्षेत्र कार्यक्रम अन्तर्गत संचालित गतिविधिहरु | २-३ |
| दोलखा जिल्लामा झोलुङ्गे पुल उप-क्षेत्र कार्यक्रम अन्तर्गत संचालित गतिविधिहरु | ४-५ |
| कार्यक्रमका उपलब्धिहरू (Achievements) | ५ |
| चुनौतीहरु (Challenges) | ६ |
| सिकाइहरू (Lessons Learned) | ६ |
| भावी दिशा (Moving Forward) | ६ |
| अनुसूची-१<br>काभ्रेपलाञ्चोक जिल्लामा निर्माण भएको झोलुङ्ग पुल झलक फोटोमा | ७ |
| अनुसूची-२<br>दोलखा जिल्लामा निर्माण भएको झोलुङ्ग पुल झलक फोटोमा | ८ |

**कार्यक्रम : झोलुङ्गे पुल उप-क्षेत्र कार्यक्रम (Trail Bridge Sub Sector Programme -TBSSP)**

**१.० कार्यक्रमको चिनारी :**

नेपाल सबै गाउँ तथा बस्तीहरुमा सडक सञ्जालसंग जोड्न सकिएको छैन । ग्रामीण क्षेत्रका बासिन्दाहरुको लागि एउटा अत्यन्त महत्वपूर्ण र भरपर्दो यातायाताका साधनको रुपमा पैदलमार्ग नै रहेको छ । पैदलमार्गमा पर्ने नदी र खोलाहरु तर्न सुरक्षित साधनको रुपमा झोलुङ्गे पुलको निर्माण हुँदै आइरहेको छ । नेपालमा झोलुङ्गे पुलको निर्माणमा नेपाल सरकार, स्थानीय निकाय, समुदाय लगायत विभिन्न मित्रराष्ट्र र दातृ संस्थाहरुको सहयोग निरन्तर रुपमा प्राप्त हुँदै आइरहेको छ । विभिन्न मित्रराष्ट्र र दातृ संस्थाहरुको सहयोगमा फरक-फरक ढंगले कार्यक्रमहरु संचालन हुने गरेकोले अपेक्षा अनुसारको प्रतिफल प्राप्त हुन सकेको छैन । अतः नेपाल सरकार, स्थानीय निकायहरु तथा दातृ संस्थाहरुका बीचमा समन्वय र एकरुपता कायम गर्नु पर्ने आवश्यकता महसुस गरी नेपाल सरकार र दातृ संस्थाहरु बीच ग्रामीण यातायात पूर्वाधार क्षेत्रमा नेपाल सरकार कै नीति र कार्यक्रम संचालन प्रक्रिया तथा नेपाल सरकार कै अग्रसरतामा कार्यक्रम संचालन गर्ने आशयको सहमति भएको छ ।

झोलुङ्गे पुल कार्यक्रम पूर्णरुपले विकेन्दीत कार्यक्रमको रुपमा संचालित भई सकेको र झोलुङ्गे पुलको योजना तर्जुमा, निर्माण तथा संचालन स्थानीय निकाय र लाभान्वित जनसमुदाय मार्फत नै हुने गरेको छ । झोलुङ्गे पुल कार्यक्रम कार्यान्वयनको लागि झोलुङ्गे पुल रणनीति, २०६२ तथा प्राविधिक र सामाजिक परिचालन सम्बन्धी दिग्दर्शनहरु समेत तयार भई कार्यान्वयन भई रहेको छ । झोलुङ्गे पुल कार्यक्रमलाई क्षेत्रगत कार्यक्रमको रुपमा संचालन गर्न आवश्यक रणनीति, दिग्दर्शन, स्टैर्न्डड, नर्म्स आदि सवै तयार अवस्थामा नै रहेकाले नेपाल सरकारले आ.व.२०६६/६७ देखि झोलुङ्गे पुल कार्यक्रमलाई क्षेत्रगत कार्यक्रमको रुपमा संचालन गर्ने निर्णय गरेको छ ।

**२.० कार्यक्रमको कार्यक्षेत्र :**

झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम अन्तर्गत झोलुङ्गे पुलहरुको निर्माण तथा मर्मत सबै जिल्लाहरुमा संचालन गरिनेछ । लामो तरिको र छोटो तरिको सस्पेन्डेड तथा सस्पेन्सन झोलुङ्गे पुल, स्टिल ट्रस बृज तथा पहुँच मार्गको सुधार कार्यहरु झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रमको कार्यक्षेत्रमा पर्दछन् । झोलुङ्गे पुलहरुको नियमित मर्मत, बृहत मर्मत, पुनर्स्थापना/निर्णोद्धार तथा नयाँ निर्माण जस्ता सम्पूर्ण कार्यहरु झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रमको कार्यक्षेत्रमा पर्दछन् ।

**३.० कार्यक्रमको उद्देश्य :**

यस कार्यक्रमको मुख्य उद्देश्य एक घण्टा भन्दा बढीको फेरो लगाउनु नपर्ने गरी झोलुङ्गे पुलको निर्माण तथा मर्मत गरी स्थानीय जनतालाई नदी खोला तर्न सुरक्षित तथा भरपर्दो यातायातको सुविधा उपलब्ध गराई हाट/बजार, आधारभूत सेवा (स्वास्थ्य, विद्यालय, प्रशासनिक सेवा केन्द्र आदि) सामाजिक र सांस्कृतिक केन्द्रहरुमा पहुँच सुनिश्चित गराउनु रहेको छ ।

यस कार्यक्रमले समुदायलाई संगठित गरी विकास कार्यक्रमा अभिप्रेरित गर्नेछ र साथै स्थानीय स्तरमा ज्ञान र सीपमा अभिबृद्धि गर्नेछ । झोलुङ्गे पुल निर्माण कार्यले स्थानीय जनतालाई रोजगारी समेत उपलब्ध गराउने छ । यस कार्यक्रमले गरीबी निवारणमा टेवा पुऱ्याउने अपेक्षा राखेको छ ।

**४.० कार्यक्रमको संभागहरु :**

झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम अन्तर्गत निम्न संभागहरुमा विभाजन गरिएको छ -

(क) छोटो तरिको झोलुङ्गे पुल : यस अन्तर्गत स्टील ट्रस तथा १२० मिटरसम्म लम्बाईका सस्पेन्डेड र सस्पेन्सन झोलुङ्गे पुलहरु पर्दछन् ।

(ख) लामो तिरको झोलुङ्गे पुल : यस अन्तर्गत १२० मिटर भन्दा बढी ३५० मिटरसम्म लम्बाईका सस्पेन्डेड र २८० मिटरसम्म लम्बाईका सस्पेन्सन झोलुङ्गे पुलहरु पर्दछन् ।

(ग) बिशिष्ट झोलुङ्गे पुल : यस अन्तर्गत ३५० मिटर भन्दा बढी लम्बाई सस्पेन्डेड र २८० मिटर भन्दा बढी लम्बाई सस्पेन्सन तथा प्राविधिक दृष्टिकोणले अत्यन्त चुनौतीपूर्ण र राष्ट्रिय दृष्टिकोणले महत्वपूर्ण झोलुङ्गे पुलहरु पर्दछन् ।

**५.० काभ्रेपलाञ्चोक जिल्लामा झोलुङ्गे पुल उप-क्षेत्र कार्यक्रम अन्तर्गत संचालित गतिविधिहरु :**

काभ्रेपलाञ्चोक जिल्लाको ९ वटा स्थानीय तहहरु धुलिखेल, पाँचखाल, मण्डनदेउपुर, नमोबुद्ध नगरपालिका र भुम्लु, चौरीदेउराली, रोशी, तेमाल, खानीखोला गाउँपालिका कार्यालय र दिगो विकासका लागि नागरिक मञ्च (सिविक फोरम), काभ्रेपलाञ्चोक बीच काभ्रेपलाञ्चोक जिल्लामा झोलुङ्गे पुलको नियमित मर्मत सम्भार, बृहत मर्मत, छोटो तरिको झोलुङ्गे पुलको नयाँ निर्माण तथा फलामे स्टिल ट्रस पुलको निर्माण तथा पहुँच मार्ग (Access Trail) निर्माणमा समुदायलाई प्राविधिक एवं सामाजिक संगठनात्मक सहयोग प्रदान गर्नको लागि भएको दुई पक्षीय कार्य प्रत्यायोजन सम्झौता अनुसार आ.व.२०८२/०८३ मा समुदायलाई प्राविधिक एवं सामाजिक संगठनात्मक सहयोग प्रदान गर्ने कार्य भएको छ।

**५.१ आ.व.२०८२/०८३ मा झोलुङ्गे पुलहरु निर्माणमा सहयोग**

स्थानीय तहहरुबाट आ.व.२०८२/०८३ मा सिविक फोरम संस्थालाई झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम अन्तर्गत तपसिलका पुल निर्माणमा समुदायलाई प्राविधिक एवं सामाजिक संगठनात्मक सहयोग प्रदान गर्नको लागि प्राप्त कार्यादेश अनुसार झोलुङ्गे पुलहरु निर्माणको लागि उपभोक्ता समिति मार्फत समुदायलाई प्राविधिक एवं सामाजिक संगठनात्मक सहयोग प्रदान गरिएको छ। निर्माण कार्य सम्पन्न भएका र क्रमागत पुलहरुको विवरण निम्नानुसार रहेको छ।

**झोलुङ्गे पुल निर्माण उपभोक्ता समितिको विवरण :**

| क्र.सं. | पुलको नाम | ठेगाना | खोलाको नाम | उपभोक्ता समितिको संख्या | | | उपभोक्ता समितिमा प्रतिनिधित्व संख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | महिला | पुरुष | जम्मा | दलित | जनजाति | ब्राम्हण/क्षेत्री/ठकुरी |
| १ | भुत्तेढुङ्गा स्टिल ट्रस पुल | चौरीदेउराली गाउँपालिका | बहखोला | ४ | ५ | ९ | १ | २ | ६ |
| २ | भण्डारे खोला झोलुङ्गे पुल | रोशी गाउँपालिका | भण्डारे खोला | ४ | ५ | ९ | १ | २ | ६ |
| ३ | गैर बगर झोलुङ्गे पुल | चौरीदेउराली गाउँपालिका | चौरी खोला | ५ | ४ | ९ | १ | ५ | ३ |
| ४ | भालुखोला स्टिल ट्रस पुल | चौरीदेउराली गाउँपालिका | भालु खोला | ४ | ३ | ७ | ० | ७ | ० |
| ५ | नारायण खोला फेदी झोलुङ्गे पुल | खानीखोला गाउँपालिका | नारायण खोला | ४ | ३ | ७ | ० | ७ | ० |
| | | | जम्मा | २१ | २० | ४१ | ३ | २३ | १५ |

**झोलुङ्गे पुल निर्माणबाट प्रत्यक्ष लाभान्वित हुने घरधुरी तथा जनसंख्या विवरण :**

| क्र. सं. | पुलको नाम | पुलको लम्बाई | जम्मा घरधुरी | लाभान्वित जनसंख्या | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | दलित | जनजाति | ब्राम्हण/क्षेत्री/ठकुरी | जम्मा |
| १ | भुत्तेढुङ्गा स्टिल ट्रस पुल | ३२ | ५८२ | ४७३ | ९९६ | १७३३ | ३२०२ |
| २ | भण्डारे खोला झोलुङ्गे पुल | ६७ | ५५० | ० | ३०२५ | ० | ३०२५ |
| ३ | गैर बगर झोलुङ्गे पुल | १०६ | १९५ | १२७ | ६८८ | २५९ | १०७४ |
| ४ | भालुखोला स्टिल ट्रस पुल | ३२ | २५५ | ० | १४०३ | ० | १४०३ |
| ५ | नारायण खोला फेदी झोलुङ्गे पुल | ११७ | १७० | ० | ९३६ | ० | ९३६ |
| | कूल जम्मा | | १७५२ | ६०० | ७०४८ | १९९२ | ९६४० |

झोलुङ्गे पुल निर्माणको लागि लागत सहभागिता :

| क्र.सं. | पुलको नाम | पुल निर्माणमा लागत सहभागिता | | | | |
|---|---|---|---|---|---|---|
| | | गाउँ/नगर पालिका | स्थानीय उपभोक्ता | SWAp Central Contribution (CASH) | SWAp Central Contribution (Material Grant) | कुल लागत |
| १ | भुत्तेढुङ्गा स्टिल ट्रस पुल | ४०९,३८२ | ६३,०८० | २,६९४,८५६ | ० | ३,१६७,३१८ |
| २ | भण्डारे खोला झोलुङ्गे पुल | ५१०३९०.७१ | ७८५२१.६५ | ३०७३०८१.९४ | २६४०८८.०८ | ३९२६०८२.३८ |
| ३ | गैर बगर झोलुङ्गे पुल | ६७२४७६.३६ | १०३४५७.९ | ३८८१४०८.२८ | ५१५५५२.५२ | ५१७२८९५.०६ |
| ४ | भालुखोला स्टिल ट्रस पुल | ४६६६१९.२१ | ७१७८७.५७ | ३०५०९७१.७३ | ० | ३५८९३७८.५१ |
| ५ | नारायण खोला फेदी झोलुङ्गे पुल | ६९२१०५.८१ | १०६४७७.८२ | ३९७४८३६.८२ | ५५०४७०.३६ | ५३२३८९०.८१ |
| | कूल जम्मा | २,७५०,९७४.०९ | ४२३,३२४.९४ | १६,६७५,१५४.७७ | १३३०११०.९६ | २१,१७९,५६४.७६ |

६.० दोलखा जिल्लामा झोलुङ्गे पुल उप-क्षेत्र कार्यक्रम अन्तर्गत संचालित गतिविधिहरु :

दोलखा जिल्लाको ८ वटा स्थानीय तहहरु भिमेश्वर, जिरी नगरपालिका र कालिन्चोक, बिगु, गौरीशंकर, बैतेश्वर, तामाकोशी र शैलुङ गाउँपालिका कार्यालय र दिगो विकासका लागि नागरिक मञ्च (सिविक फोरम), काभ्रेपलाञ्चोक बीच दोलखा जिल्लामा झोलुङ्गे पुलको नियमित मर्मत सम्भार, बृहत मर्मत, छोटो तरिको झोलुङ्गे पुलको नयाँ निर्माण तथा फलामे स्टिल ट्रस पुलको निर्माण तथा पहुँच मार्ग (Access Trail) निर्माणमा समुदायलाई प्राविधिक एवं सामाजिक संगठनात्मक सहयोग प्रदान गर्नको लागि भएको दुई पक्षीय कार्य प्रत्यायोजन सम्झौता अनुसार आ.व.२०८१/०८२ मा समुदायलाई प्राविधिक एवं सामाजिक संगठनात्मक सहयोग प्रदान गर्ने कार्य भएको छ।

६.१ आ.व.२०८२/०८३ मा झोलुङ्गे पुलहरु निर्माणमा सहयोग

स्थानीय तहहरुबाट आ.व.२०८२/०८३ मा सिविक फोरम संस्थालाई झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम अन्तर्गत तपसिलका पुल निर्माणमा समुदायलाई प्राविधिक एवं सामाजिक संगठनात्मक सहयोग प्रदान गर्नको लागि प्राप्त कार्यादेश अनुसार झोलुङ्गे पुलहरु निर्माणको लागि उपभोक्ता समिति मार्फत समुदायलाई प्राविधिक एवं सामाजिक संगठनात्मक सहयोग प्रदान गरिएको छ। निर्माण कार्य सम्पन्न भएका र क्रमागत पुलहरुको विवरण निम्नानुसार रहेको छ।

झोलुङ्गे पुल निर्माण उपभोक्ता समितिको विवरण :

| क्र.सं. | पुलको नाम | ठेगाना | खोलाको नाम | उपभोक्ता समितिको संख्या | | | उपभोक्ता समितिमा प्रतिनिधित्व संख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | महिला | पुरुष | जम्मा | दलित | जनजाति | ब्राम्हण/क्षेत्री/ठकुरी |
| १ | दोपाटार झोलुङ्गे पुल | गौरीशंकर गा.पा.-७ र ८ जोड्ने | खारे खोला | ४ | ३ | ७ | ० | ७ | ० |
| २ | भारती खोला झोलुङ्गे पुल | बिगु गा.पा.-२ र ३ जोड्ने | भारती खोला | ४ | ३ | ७ | १ | २ | ४ |
| ३ | गोङ खोला झोलुङ्गे पुल | जिरी न.पा.-१ | गोङ खोला | ४ | ३ | ७ | १ | २ | ४ |
| ४ | टासिनाम खोला झोलुङ्गे पुल | गौरिशंकर गा.पा.-९ | टासिनाम खोला | ० | ० | ० | ० | ० | ० |
| ५ | छोटे खोला ट्रस पुल | बैतेश्वर गा.पा.-८ | छोटे खोला | ० | ० | ० | ० | ० | ० |
| ६ | मौरे खोला झोलुङ्गे पुल | बिगु गा.पा.-८ | मौरे खोला | ३ | ४ | ७ | ० | ७ | ० |
| | | | **जम्मा** | **१५** | **१३** | **२८** | २ | १८ | ८ |

झोलुङ्गे पुल निर्माणबाट प्रत्यक्ष लाभान्वित हुने घरधुरी तथा जनसंख्या विवरण :

| क्र.सं. | पुलको नाम | पुलको लम्बाई | जम्मा घरधुरी | लाभान्वित जनसंख्या | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | दलित | जनजाति | ब्राम्हण/क्षेत्री/ठकुरी | जम्मा |
| १ | दोपाटार झोलुङ्गे पुल | ८३ | २२० | ० | १२१० | ० | १२१० |
| २ | भारती खोला झोलुङ्गे पुल | ५५ | ५१३ | ९२ | ७४० | १२५५ | २०८७ |
| ३ | गोङ खोला झोलुङ्गे पुल | ५९ | ४७२ | १०२ | ४७६ | १३२० | १८९८ |
| ४ | टासिनाम खोला झोलुङ्गे पुल | ७३ | ६१२ | १२ | १३९० | ३६ | १४३८ |
| ५ | छोटे खोला ट्रस पुल | २४ | २८५ | ९० | ३८२ | ६४५ | १०७९ |
| ६ | मौरे खोला झोलुङ्गे पुल | ४३ | ७२५ | ० | २७०० | ० | २७०० |
| | **कूल जम्मा** | | २८२७ | **२९६** | **६८९८** | **३२५६** | **१०४१२** |

झोलुङ्गे पुल निर्माणको लागि लागत सहभागिता :

| क.सं. | पुलको नाम | पुल निर्माणमा लागत सहभागिता | | | | |
|---|---|---|---|---|---|---|
| | | गाउँ/नगर पालिका | स्थानीय उपभोक्ता | SWAp Central Contribution (CASH) | SWAp Central Contribution (Material Grant) | कुल लागत |
| १ | दोपाटार झोलुङ्गे पुल | ६२८,६८९.८२ | ९६,७२१.५१ | ३,७२४,७२७.८० | ३८५,९३६.३६ | ४,८३६,०७५.४९ |
| २ | भारती खोला झोलुङ्गे पुल | ४२३,५५६.९७ | ६५,१६२.६१ | २,५७१,५३१.९३ | १९७,८७९.०४ | ३,२५८,१३०.५५ |
| ३ | गोङ खोला झोलुङ्गे पुल | ५०५,०८४.११ | ७७,७०५.२५ | ३,१०५,५२७.७५ | १९६,९४५.२८ | ३,८८५,२६२.३९ |
| ४ | टासिनाम खोला झोलुङ्गे पुल | ५३८,६४५.८४ | ८२,८६८.५९ | ३,२४३,३७१.०३ | २७८,५४४.०८ | ४,१४३,४२९.५४ |
| ५ | छोटे खोला ट्रस पुल | ४४३,३७३.०१ | ६८,२११.२३ | २,८९८,९७७.३६ | - | ३,४१०,५६१.६० |
| ६ | मौरे खोला झोलुङ्गे पुल | ४७२,१६२.५३ | ७२,६४०.३९ | २,९३१,२१२.२८ | १५६,००४.२४ | ३,६३२,०१९.४४ |
| | **कूल जम्मा** | **३,०११,५१२.२८** | **४६३,३०९.५८** | **१८,४७५,३४८.१५** | **१५६,००४.२४** | **२३,१६५,४७९.०१** |

### ७. कार्यक्रमका उपलब्धिहरू (Achievements)

- **भौतिक पूर्वाधार निर्माण तथा विस्तार:**
  - काभ्रेपलाञ्चोक जिल्ला: कूल ५ वटा पुलहरू (भुत्तेढुङ्गा स्टिल ट्रस, भण्डारे खोला, गैर बगर, भालुखोला स्टिल ट्रस र नारायण खोला फेदी) निर्माण तथा सहयोग कार्य सम्पन्न गरिएको छ ।
  - दोलखा जिल्ला: कूल ६ वटा पुलहरू (दोपाटार, भारती खोला, गोङ खोला, टासिनाम खोला, छोटे खोला ट्रस र मौरे खोला) को निर्माण तथा सामाजिक/प्राविधिक सहयोग उपलब्ध गराइएको छ ।

- **प्रत्यक्ष लाभान्वित जनसंख्या र घरधुरी:**
  - काभ्रेपलाञ्चोक: १,७५२ घरधुरीका कूल ९,६४० जनसङ्ख्या (दलित: ६००, जनजाति: ७,०४८ र ब्राह्मण/क्षेत्री/ठकुरी: १,९९२) सुरक्षित आवतजावतबाट प्रत्यक्ष लाभान्वित भएका छन् ।
  - दोलखा: २,८२७ घरधुरीका कूल १०,४१२ जनसङ्ख्या (दलित: २९६, जनजाति: ६,८९८ र ब्राह्मण/क्षेत्री/ठकुरी: ३,२५६) लाभान्वित भएका छन् ।

- **सामाजिक समावेशीकरण तथा समुदायको सहभागिता:**
  - काभ्रेपलाञ्चोकमा गठित उपभोक्ता समितिहरूमा ४१ जना सदस्यहरू मध्ये २१ जना महिला (५१%) तथा दलित र जनजातिको उल्लेख्य प्रतिनिधित्व रहेको छ ।
  - दोलखा जिल्लामा गठन गरिएका उपभोक्ता समितिहरूमा २८ जना सदस्यहरू मध्ये १५ जना महिला (५३%) रहेका छन् ।

- **वित्तीय तथा लागत सहभागिता (Cost Sharing Model):**
  - काभ्रेपलाञ्चोक जिल्लामा कूल रु २,११,७९,५६४.७६ लागतको आयोजनाहरूमा गाउँ/नगरपालिका, स्थानीय उपभोक्ता, तथा क्ध्ब्उ केन्द्रीय अनुदान/सामाग्रीको प्रभावकारी समन्वय र सहभागिता रहेको छ ।
  - दोलखा जिल्लामा कूल रु २,३१,६५,४७९.०१ लागत सहभागितामा योजनाहरू सम्पन्न/सञ्चालन गरिएका छन् ।

- **सुरक्षित पहुँच र स्थानीय रोजगारी:**
  - खोला-नदी तर्न १ घण्टाभन्दा बढी घुम्नुपर्ने बाध्यताको अन्त्य भई हाट/बजार, स्वास्थ्य, विद्यालय र प्रशासनिक सेवा केन्द्रसम्म सुरक्षित पहुँच सुनिश्चित भएको छ ।
  - पुल निर्माणका क्रममा स्थानीय स्तरमा रोजगारी सिर्जना हुनुका साथै ज्ञान र सीपमा अभिवृद्धि भएको छ ।

## ८. चुनौतीहरु (Challenges)

- स्थानीय तहहरूसँगको समन्वय र प्राविधिक तत्परता: विभिन्न स्थानीय तहहरूसँग दुईपक्षीय कार्य प्रत्यायोजन सम्झौता र कार्यादेश प्राप्त गरी तोकिएको समयमा कार्य सम्पन्न गर्न प्राविधिक एवं सामाजिक सङ्गठनात्मक समन्वय कायम राख्न चुनौतीपूर्ण हुनु ।
- दुर्गम भौगोलिक बनावट र पहुँच मार्ग (Access Trail): विकट क्षेत्र तथा नदी/खोलाको अप्ठ्यारो भू-भागमा सामान ढुवानी, प्राविधिक जटिलता तथा पहुँच मार्ग निर्माण कार्य व्यवस्थापन गर्नु ।
- लागत सहभागिता र बजेट व्यवस्थापन: गाउँ/नगरपालिका, स्थानीय उपभोक्ता तथा केन्द्रीय अनुदान (SWAp) को रकम समयमै जुटाउने र सामग्री अनुदानको नियमित आपूर्ति मिलाउनु ।
- विशिष्ट तथा जटिल पुल निर्माण: ३५० मिटरभन्दा लामो सस्पेन्डेड तथा २८० मिटरभन्दा लामो सस्पेन्सन वा प्राविधिक रूपमा अत्यन्त चुनौतीपूर्ण झोलुङ्गे पुलहरूको निर्माण व्यवस्थापन गर्नु ।

## ९. सिकाइहरू (Lessons Learned)

- विकेन्द्रीकृत तथा क्षेत्रगत अवधारणाको प्रभावकारिता: झोलुङ्गे पुल कार्यक्रमलाई क्षेत्रगत (SWAp) रूपमा सञ्चालन गर्दा दातृ निकाय, सरकार र स्थानीय तहबीच नीति, दिग्दर्शन र मानकमा एकरूपता आई प्रतिफल अभिवृद्धि हुन्छ ।
- उपभोक्ता समितिमार्फत समावेशी सहभागिता: निर्माण कार्यमा महिला, दलित तथा जनजातिको अर्थपूर्ण सहभागिता गराउँदा अपनत्व वृद्धि हुनुका साथै पारदर्शिता र कामको गुणस्तर कायम हुन्छ ।
- नागरिक समाज (गैरसरकारी संस्था) को भूमिका: सिविक फोरम जस्ता गैरसरकारी संस्थामार्फत प्राविधिक तथा सामाजिक सहजीकरण गर्दा स्थानीय तह र समुदायबीच पुलको काम प्रभावकारी रूपमा अघि बढ्छ ।
- स्थानीय ज्ञान र सीप विकास: निर्माण प्रक्रियामा स्थानीय श्रम र सीपको प्रयोग गर्दा दिगोपना आउने र स्थानीय तहमा रोजगार सिर्जना हुने देखिन्छ ।

## १०. भावी दिशा (Moving Forward)

- मर्मत सम्भारमा निरन्तरता: निर्माण सम्पन्न भएका पुलहरूको नियमित मर्मत, बृहत् मर्मत र पुनरुत्थान/जीर्णोद्धारका लागि स्थानीय तहहरूसँगको समन्वयमा कोष र संयन्त्रलाई सुदृढ बनाउने ।
- बाँकी बस्तीहरूमा पहुँच विस्तार: एक घण्टाभन्दा बढी फेरो लगाउनुपर्ने बाध्यता भएका बाँकी ग्रामीण क्षेत्र तथा खोला-नदीहरूमा नयाँ छोटो तथा लामो तरिकाका झोलुङ्गे पुलहरूको पहिचान र निर्माण गर्ने ।
- स्थानीय तहको क्षमता अभिवृद्धि: योजना तर्जमा, कार्यान्वयन र अनुगमनका लागि स्थानीय तह र उपभोक्ता समितिहरूको प्राविधिक तथा सामाजिक सङ्गठनात्मक क्षमता निरन्तर अभिवृद्धि गर्ने ।
- दिगो विकास र गरिबी निवारणमा जोड्ने: झोलुङ्गे पुल निर्माणलाई केवल यातायातमा मात्र सीमित नराखी स्थानीय कृषि, व्यापार, स्वास्थ्य, शिक्षा र पर्यटनसँग जोडेर गरिबी निवारणमा टेवा पुऱ्याउने रणनीति लिने ।

# अनुसूची-१

## काभ्रेपलाञ्चोक जिल्लामा निर्माण भएको झोलुङ्ग पुल झलक फोटोमा








# अनुसूची-२

## दोलखा जिल्लामा निर्माण भएको झोलुङ्ग पुल झलक फोटोमा












